**अनुसूची ५**

(स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित)

*"पर्यटकीय शहर, समुन्नत रत्ननगर"*

# आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

प्रस्तुतकर्ता :

## श्री प्रलाद सापकोटा

## नगर प्रमुख

मिति २०८३ असार ०५ गते

## रत्ननगर नगरपालिका

रत्ननगर, चितवन

बागमती प्रदेश, नेपाल

**रत्ननगर नगरपालिका नगर सभाको १९ औं अधिबेशनमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु।**

आदरणीय नगरबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाई सबैमा हार्दिक नमन व्यक्त गर्दछु ।

**आदरणीय नगर उपप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगरसभा सदस्य ज्यूहरु, कर्मचारी साथीहरु र संचारकर्मी ज्यूहरु**

यस अवसरमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनाका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने वीरसहिदहरुप्रति भाबपूर्ण श्रद्धान्जली अर्पण गर्दछु |

नेपालको तेस्रो पर्यटकीय गन्तब्यको रुपमा रहेको यस नगरपालिकाको विकास र समृद्धिका लागि हामी अविरल यात्रामा रहेका छौ। नेपालको वर्तमान संबिधान, संघीय, प्रादेशिक र स्थानीय कानुनद्वारा हामीलाई प्राप्त काम, कर्तब्य, अधिकार र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं | सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्नु अनिवार्य छ। स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरणको विकास गरी रत्ननगरलाई बस्न योग्य सहर बनाउने हाम्रो ध्येय रहेको छ |

नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख, समावेशी, आत्मनिर्भर तथा समृद्ध समाज निर्माणको लागि "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय लक्ष्य, बागमती प्रदेश सरकारको "**समुन्नत प्रदेश, सुखी नागरिक**" को अवधारणा, दिगो विकास लक्ष्य तथा स्थानीय सरकार सञ्चालन ऐनको मर्मलाई आत्मसात गर्दै रत्ननगर नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

**नगरसभा सदस्य ज्यूहरु,**

**सुशासन, सार्वजनिक सेवा प्रवाह तथा संस्थागत विकास**

१. बजेटमा विनियोजन कुशलता तथा कार्यान्वयन दक्षता कायम गर्दै चालु बजेट कटौती तथा पुँजीगत बजेट वृद्धि गरिनेछ ।

२. सार्वजनिक खर्चलाई चुस्त, नतिजामुखी, कार्यात्मक र लागत प्रभावि बनाउन पहिलो चौमासिक भित्रै पूर्व तयारीका सबै कामहरु सम्पन्न गरिनेछ । यसका लागि

- बार्षिक योजना तथा गुरुयोजना निर्माण गर्ने,
- संघीय, प्रादेशिक तथा नगर गौरवका आयोजनाहरुको विद्युतीय ठेक्का लगाउने,
- समयसारिणी सहितको कार्यान्वयन कार्यतालिका निर्माण गरी कार्यान्वयन र समीक्षा गर्ने ।

३. कार्यसम्पादनमा आधारित नतिजा प्राप्त गर्नका लागि नगर प्रमुखसँग प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरु र वडा सचिवहरु तथा नगर शिक्षा अधिकारीसँग विद्यालयका प्राध्यानाध्यापकहरुवीच कार्यसम्पादन सम्झौता गरि मासिक रुपमा समीक्षा गरिनेछ ।

४. मालसामान खरिद, निर्माण तथा परामर्श जस्ता कार्यमा अनिवार्य रुपमा विद्युतीय खरिद प्रणाली र अन्य उपर्युक्त माध्यमको प्रयोग गर्दै पारदर्शीता कायम गरिनेछ ।

५. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी तथा नागरिकमैत्री बनाउन नागरिक उतरदायित्वका सम्यन्त्रहरु जस्तैः

- नियमित रुपमा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने,
- हेल्प डेक्स र स्तनपान कक्षा व्यवस्थापन गर्ने,
- गुनासो व्यवस्थापन प्रणालीलाई समयबद्ध बनाउने,
- बालमैत्री, अपाङ्गमैत्री तथा सेवाग्राहीमैत्री संरचनागत सुधार गर्ने,
- सेवालाई Paperless, Cashless, Contactless बनाउने ।

६. राष्ट्रसेवक कर्मचारीहरुलाई काममा उत्प्रेरित गर्न सकारात्मक रुपमा पुरस्कार र नकारात्मक रुपमा दण्डमा आबद्ध गर्दै सरुवा, बढुवा तथा अवसरको न्यायोचित वितरण गरिनेछ। साथै उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई नागरिक मुल्याङ्कन समेतका आधारमा प्रोत्साहन तथा सम्मान गरिनेछ ।

**न्यायिक समिति तथा कानुनी शासन**

७. न्यायिक समितिलाई सूचना प्रविधिमैत्री बनाउदै न्यायिक समितिमार्फत स्थानीय विवादहरूको समाधानलाई शीघ्र, सरल, सुलभ र निष्पक्ष बनाइनेछ ।

८. नगर तथा वडा मेलमिलाप केन्द्रहरूलाई सुदृढ गरी मेलमिलाप संस्कृतिलाई प्रवर्द्धन गरिनेछ।

९. स्थानीय कानुनहरूको पुनरावलोकन, संशोधन तथा अद्यावधिक गर्नुका साथै कानूनी साक्षरता संचालन गरिनेछ।

**सूचना प्रविधि तथा डिजिटल सुशासन**

१०. चालु बर्ष भित्र नगरपालिकाको Digital Profile निर्माण गरिनेछ साथै सेवाहरुको Integration गर्दै GOIMS मा आवद्ध गरिनेछ ।

११. नगरवासीहरुको शान्तीसुरक्षा, कानुनी शासन तथा नागरिक सुरक्षालाई सुदृढ बनाउन स्थानीय प्रहरीसँग सहकार्य र संवेदनशील सार्वजनिक स्थानहरूमा CCTV मार्फत निगरानी बढाउँदै अपराध न्युनिकरणमा जोड दिइनेछ ।

१२. युवाहरूका लागि सूचना प्रविधि तथा डिजिटल सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ साथै नगरका विशेष स्थानहरुमा Free WIFI सेवा विस्तार गरिनेछ ।

**व्यक्तिगत घटना दर्ता तथा पञ्जीकरण**

१३. व्यक्तिगत घटना दर्ता अभियानलाई टोल-टोल र विद्यालय सम्म संचालन गर्दै नागरिकता तथा राष्ट्रिय परिचयपत्रसँग यसको समन्वय कायम गरिनेछ ।सामाजिक सुरक्षा कार्यक्रमलाई Bio Metric सहितको EFT मार्फत प्रदान गरिनेछ ।

१४. वित्तीय संस्थाहरुको सहकार्यमा ATM, SMS Banking, Mobile Banking लगायतका कार्यक्रमहरुलाई प्रभाबकारी बनाइनेछ ।

१५. लक्षित वर्ग, समुदाय, टोल तथा वडासँग बैंकिङ क्षेत्रको समन्वय विस्तार गराइ नगरका प्राथमिकताका आधारमा संस्थागत सामाजिक उत्तरदायित्व प्रवर्द्धन गरिनेछ ।

**राजस्व, वित्तीय सुशासन तथा आन्तरिक आय**

१६. कर प्रशासनलाई प्रविधिमैत्री, पारदर्शी र करदातामैत्री बनाउँदै QR Code, EFT तथा डिजिटल भुक्तानी प्रणालीलाई विस्तार गरिनेछ।

१७. करको दायरा विस्तार, कर वक्यौता संकलन तथा कर चुहावट नियन्त्रणका लागि निजी क्षेत्रका संस्थाहरुको सहभागीतामा नगर तथा वडाहरुबाट बिशेष अभियान संचालन गरिनेछ।

१८. करदाता प्रोत्साहन तथा असल करदाता सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**आर्थिक विकास**

**कृषि, पशुपन्छी तथा खाद्य सुरक्षा**

१९. कृषकसँग नगर प्रमुख कार्यक्रम मार्फत मागमा आधारित कार्यक्रमहरु संचालन गरिनुका साथै प्राङ्गारिक कृषि उत्पादन तथा जैविक खेती प्रवर्द्धन र IPM कृषक पाठशाला संचालन गरिनेछ ।

२०. कृषि यान्त्रीकरण, सिँचाइ, बीउबिजन तथा मल व्यवस्थापनलाई प्रभावकारी बनाउदै उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

२१. किसानसँग प्राविधिक सेवा कार्यक्रमलाई प्रभावकारी बनाउदै पशु स्वास्थ्य, खोप, कृत्रिम गर्भाधान तथा महामारी नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

२२. कृषि पर्यटन, फार्म स्टे तथा एग्रो—इको टुरिजमलाई प्रवर्द्धन गरिनेछ।

**पर्यटन, संस्कृति तथा सम्पदा संरक्षण**

२३. अन्तर्राष्ट्रिय स्तरको वातावरणीय तथा वन्यजन्तु पर्यटन गन्तव्यका रूपमा विकसित यस क्षेत्रलाई **"पुगौं रत्ननगर घुमौं सौराहा"** अभियान मार्फत स्थानीय कला संस्कृति, आदिवासी थारु समुदायको रैथाने खाना महोत्सव, विविध मेला जात्रा लगायतका कार्यक्रमहरु संचालन गरि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा पर्यटन प्रवर्द्धन गरिनेछ।

२४. पर्यटन सूचना केन्द्र, मोबाइल एप तथा डिजिटल प्रचार प्रणालीहरुलाई जाती भाषा अनुकुलन बनाइनेछ।

२५. धार्मिक तथा सांकृतिक पर्यटनलाई विकास र प्रवर्द्धन गर्न जिरौना धर्मधाम, श्रीकृष्ण प्रणामी मन्दिर, चित्रसेन बाबा मन्दिर, हरीहर मन्दिर, राम मन्दिर, गुम्बा लगायत धार्मिक स्थलहरूको संरक्षण तथा व्यवस्थापनलाई प्राथामिकता दिइनेछ ।

२६. रत्ननगर वाङ्गमय प्रतिष्ठान मार्फत स्रष्ठा सम्मान तथा साहित्यिक रचना सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

**उद्योग, व्यवसाय सहकारी र रोजगार**

२७. औद्योगिक ग्राम लगायतका पूर्वाधारहरुको स्थापनामा पहल गर्दै स्थानीय उत्पादनको ब्राण्डिङ तथा बजारीकरणमा सहजिकरण गरिनेछ।

२८. सहकारी संस्थाहरूको सघन नियमन गर्दै प्रतिवेदन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

२९. मेडपा मोडलमा सीप विकास कार्यक्रम संचालन गर्दै रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन गरिनेछ ।

३०. उपभोक्ता हित संरक्षण तथा बजार व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमित बजार अनुगमन, उपभोक्ता सचेतना कार्यक्रम गर्दै बजारको कृत्रीम अभाव, कालोबजारी तथा कार्टेलिङ्ग नियन्त्रण गरिनेछ ।

३१. वडा नं. १ को सौराहाचोकमा रहेको रत्ननगर बसपार्कलाई व्यबस्थित बनाइनेछ । साथै वडा नं.१, २, १० र ६ नं. वडाको बजार क्षेत्रमा र अन्य वडाको आवश्यक स्थानमा समेत जेब्रा क्रसिङ र ट्राफिक संकेत चिन्ह अंकित बोर्ड राखी बजार तथा सवारी व्यबस्थापनलाई चुस्त दुरुस्त बनाइनेछ ।

**नगर गौरवका आयोजना तथा शहरी पूर्वाधार विकास**

३२. तहगत अन्तरसम्बन्ध सुदृढ गराउँदै संघ र प्रदेश सरकारबाट अगाडी सारिएका योजना तथा कार्यक्रमहरुमा स्थानीय सरकारको सहलगानी गर्दै नगरका मुख्य पूर्वाधारहरु जस्तै दुई नगर जोड्ने सडक, पुल लगायतका पूर्वाधारको निर्माण तथा आधुनिकिरण गरिनेछ ।

३३. नगर गौरवका आयोजनाहरु हरियाली पार्क, लौरीघोल ताल संरक्षण तथा बाघमारा **बहुउद्देश्यीय प्राकृतिक रंगशाला** सम्पन्न गर्न बिशेष जोड दिइनेछ ।

३४. शहरी पूर्वाधार जस्तै कालोपत्रे सडक, पुल, नाला, खानेपानी तथा सिँचाइ तथा फोहरमैला व्यवस्थापन पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।

३५. विद्युत प्राधिकरणको साझेदारी तथा नागरिकको सहभागितामा हाईमास लाइट तथा सडक बत्ती विस्तार गर्दै "**उज्यालो रत्ननगर**" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३६. **"पूर्वाधार निर्माण सँगसगै मर्मत संभार"** भन्ने नीति अनुसार मर्मत संभार कोष मार्फत तथा सडक वोर्ड लगायतका संस्थासँग सहलगानीमा कार्यक्रम संचालन गरिनेछ ।

३७. **"एक घर एक धारा"** कार्यक्रमलाइ नगरकै अभियान अन्तरगत रत्ननगर खानेपानी उपभोक्ता समिति तथा पिठुवा खानेपानी उपभोक्ता समितिसँग लागत साझेदारीमा संचालन गरिनेछ ।

३८. भुमीको वैज्ञानिक व्यवस्थापन, जग्गा वर्गीकरण तथा जग्गा खण्डीकरण कार्यलाई व्यवस्थित र राजश्व परिचालनको माध्यम बनाउँदै भुमी प्रशासनलाई प्रविधिमैत्री र पारदर्शी बनाइनेछ ।

३९. विपन्न परिवारका लागी शौचालय निर्माण, घर मर्मत तथा नया निर्माण कार्यलाई निरन्तरता दिईने छ ।

४०. भूमीहिन दलित, भूमीहिन सुकुम्बासी तथा अब्यवस्थित बसोबासीका लागि अभिलेख व्यवस्थापन तथा पूर्जा वितरण कार्य प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

**सामाजिक विकास**

**शिक्षा**

४१. **"विद्यालय भन्दा बाहिर कोही बालबालिका नहुन"** भन्ने अभियान संचालनका लागि भर्ना अभियान, घरदैलो तथा सचेतना लगायतका कार्यक्रम संचालन गरिनेछ ।

४२. माध्यमिक तहसम्म निःशुल्क शिक्षाका लागि विशेष कार्यक्रम प्याकेज लागू गरिनेछ ।

४३. औपचारिक शिक्षा प्राप्त गर्न छुट भएकालाई अनौपचारिक शिक्षा कार्यक्रममा आबद्ध गरिनेछ ।

४४. विद्यालयमा प्रविधि मैत्री बातावरण बनाउँदै, शिक्षकको पेशागत दक्षता र व्यवसायिकता विकासका कार्यक्रमहरु संचालन गरि शिक्षण सिकाइ उपलब्धिमा सुधार ल्याइने छ ।

४५. निरन्तर मूल्यांकन पद्धतिको आधारमा विद्यार्थीको सिकाइ स्तर पहिचान गरी उपचारात्मक सिकाइ कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

४६. विद्यालयमा अध्ययन गर्ने छात्रा, दलित र सिमान्तकृत अपांगता भएका बालबालिकालाई प्रदान गरिने छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइने छ ।

४७. आर्थिक रुपमा कमजोर महिला, दलित अपांग, सिमान्तकृत वर्गका व्यक्तिहरुलाई उच्च तथा प्राविधिक शिक्षाको अवसर प्रदान गर्न छात्रवृत्ति वितरण कार्यविधि निर्माण गरी उच्चशिक्षा तथा प्राविधिक शिक्षा छात्रवृतिको व्यवस्था गरिने छ ।

**युवा तथा खेलकुद**

४८. युवाको नेतृत्व विकास, नवप्रवर्तन तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गर्न इन्स्योर परियोजना जस्ता कार्यक्रमहरुलाई प्रभाकारी रुपमा संचालन गरिनेछ।

४९. राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप प्रतियोगितालाई निरन्तरता दिँदै खेलकुद पूर्वाधार तथा खेलाडी विकास कार्यक्रम सञ्चालन गरिनेछ।

**स्वास्थ्य, पोषण तथा सामाजिक सुरक्षा**

५०. प्रवर्द्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाको सुनिश्चितता गर्दै नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क तथा सर्वसुलभ बनाइनेछ।

५१. विपन्न, असहाय तथा दीर्घरोगीहरुका लागि **"निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम", "अस्पताल सम्म नगर प्रमुख" निःशुल्क एम्बुलेन्स सेवा** कार्यक्रमलाई प्रभाकारी बनाइनेछ ।

५२. मातृ तथा शिशु स्वास्थ्य कार्यक्रम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा गर्भवती महिलाका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

५३. नागरिकको मानसिक स्वास्थ्यलाई मध्यनजर गरि टोलटोलमा मनोपरामर्श तथा विद्यालयहरुमा मनोसामाजिक स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

५४. शारिरिक स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम र नसर्ने रोग सम्बन्धी पूर्व परीक्षण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५५. नगरवासीलाई विशेषज्ञ स्वास्थ्य सेवामा सहुलियत उपलब्ध गराउन बकुलहर रत्ननगर अस्पताल, चितवन मेडिकल कलेज, भरतपुर क्यान्सर अस्पताल र सेन्ट्रल अस्पताल सँगको सहकार्यमा परीक्षण तथा उपचार सेवामा सहुलियत प्रदान गरिनेछ।

५६. वडा-वडामा खुला व्यायामशाला तथा वाल उद्यान कार्यक्रम संचालन गरिनेछ ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक समावेशीकरण**

५७. महिला सशक्तीकरण, उद्यमशीलता तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५८. बालमैत्री स्थानीय शासन/दिगोपना तथा बाल अधिकार संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५९. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

६०. दलित अल्पसख्यकहरुको परम्परागत शिप विकासका लागि उद्यम, रोजगार तथा शिक्षामा बिशेष कार्यक्रम संचालन गरिनेछ ।

६१. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायता सामाग्री वितरण तथा सीमान्तकृत समुदायको अधिकार संरक्षण सम्बन्धी कार्यक्रमहरुलाई निरन्तर दिइनेछ।

६२. सडक आश्रित तथा बेसहारा व्यक्तिहरूको उद्धार, संरक्षण तथा पुनर्स्थापनाका लागि मानव सेवा आश्रमसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

**वन, वातावरण, जैविक विविधता तथा विपद् व्यवस्थापन**

६३. हरित तथा स्वच्छ रत्ननगर कार्यक्रम अन्तरगत सार्वजनिक सडक, नदि किनार, खाली जमिन तथा सामुदायिक भवन, कार्यालयहरु समेत लाई प्राथामिकता दिदै वृक्षारोपण कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।

६४. पञ्चनदी तथा यसको मुहान क्षेत्र संरक्षण, लौरीघोल ताल, सिमसार तथा जलाधार क्षेत्र कृष्णसार संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६५. फोहोरमैला व्यवस्थापन तथा प्लास्टिकजन्य प्रदूषण नियन्त्रण गरिनेछ । वातावरणमैत्री वडा घोषणा कार्यान्वयनमा यस वर्ष वडा नं. ५ र १६ लाई जोडिनेछ ।

६६. विपद् व्यवस्थापन तथा जन धनको सुरक्षाका लागी बुढिकुलो, राप्ती, बुढि राप्ती, खगेरी, कयर, ढुङ्ग्रे र बटर खोलामा तटबन्धन कार्यलाई निरन्तरता दिईने छ ।

६७. विपद् जोखिम नक्साङ्कन (Hazard Mapping) पूर्वतयारी, उद्धार तथा प्रतिकार्य प्रणालीलाई सुदृढ बनाइनेछ।

६८. विपद् उत्थानशिल नगरपालिका अवधारणा कार्यान्वयनका लागि भवन आचार संहिता कार्यान्वयनमा कडाई, विपदमैत्री संरचना निर्माण तथा विपदबाट हुने भौतिक तथा मानवीय क्षतिका घटनाहरुमा बिशेष राहत उपलब्ध गराइनेछ ।

६९. फोहोरमैला व्यवस्थापन तथा प्लास्टिकजन्य प्रदूषण न्यूनीकरण गर्दै "**स्वच्छ रत्ननगर, सफा रत्ननगर**" अभियानलाई प्रभावकारी रूपमा सन्चालन गर्न फोहरलाई स्रोतमा नै अनिवार्य गरिनेछ ।

७०. विद्युतीय सवारीको बढ्दो प्रयोगलाई मध्यनजर गरी नगरपालिकाद्वारा चार्जिङ्ग स्टेशनको व्यवस्थापन गरिनेछ ।

## नगरसभा सदस्यज्यूहरु

सुशासन, उत्पादन, रोजगारी, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, वातावरण संरक्षण तथा दिगो पूर्वाधार विकासलाई केन्द्रमा राखी "**समृद्ध रत्ननगर, सुखी रत्ननगरवासी**" निर्माण गर्ने लक्ष्यका साथ प्रस्तुत आगामी आर्थिक बर्ष २०८३।०८४ को लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न सिंगो नगरसभाका सबै सदस्यज्यूहरु तथा नगरमा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरु र आम नगरबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु | आजसम्मको सहयोगको लागि सबै महानुभावहरुप्रति आभार व्यक्त गर्दछु ।

धन्यवाद !